नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १५ २०८१ साल साउन १७ गते बिहीबार (1 Aug. 2024 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मनसुन सुखद रहँदा धान रोपाइँमा वृद्धि, ३ पृष्ठमा : कारागारको भौतिक संरचना ... ३ पृष्ठमानयाँ प्रतिद्वन्द्वी ह्यारिसवि...

## महासंघले गर्‍यो संघर्षका कार्यक्रम घोषणा

# राजनैतिक दवाबमा प्रहरीले पत्रकारलाई धम्क्याउने व्यक्तिलाई पक्राउ गर्न देखाएन गम्भिरता




**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

पत्रकारलाई अभद्र व्यवहार गर्दै ज्यान मार्ने धम्की दिने व्यक्तिलाई प्रहरीले पक्राउ गर्न गम्भिरता नदेखाएको भन्दै नेपाल पत्रकार महासंघ सप्तरी शाखाले चरणबद्ध संघर्षका कार्यक्रमहरु घोषणा गरेको छ ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा बुधबार जारि विज्ञप्तिमा सो प्रकरणमा 'राजनीति' गन्धसमेत आभाष भएको ठहर गर्दै पत्रकार महासंघको पहिलो प्राथमिकता पत्रकारको सुरक्षा नै भएको र त्यसमा सप्तरी प्रहरीले सक्रियता र गम्भीरता दुवै नदेखाएकोले पहिलो चरणको संघर्ष कार्यक्रम घोषणा गरिएको जनाइएको छ ।

संघर्षका कार्यक्रम अनुसार प्रहरीको माथिल्लो निकाय जिल्ला प्रशासन कार्यालय सप्तरीमा बिहीवार ज्ञापन पत्र बुझाउने, शुक्रबारदेखि सप्तरी प्रहरीको समाचार बहिष्कार गर्ने र हातमा कालो पट्टि बाँधेर पत्रकारले काम गर्ने रहेको छ ।

यस अवधिमा पनि पत्रकार धम्काउनेमाथि प्रहरीले कारबाही नथालिए दोश्रो चरणको थप सशक्त संघर्षका

***बाँकी अन्तिम पृष्ठमा***

## धम्की दिने व्यक्तिलाई तत्काल कानुनी दायरामा ल्याउन प्रेस युनियनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

नेपाल प्रेस युनियन केन्द्रिय समितिले प्रेस युनियन सप्तरीका उपाध्यक्ष एवं राजविराज दैनिक पत्रिका पत्रकार नवीनकुमार गुप्तामाथी स्थानीय ठेकेदारले ज्यान मार्ने धम्की दिएको घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

प्रेस युनियनका केन्द्रिय महासचिव दिलीप पौडेलले बुधबार एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै भ्रष्टाचार सम्बन्धी समाचार लेखेको आधारमा महादेवा गाउँपालिकाका स्थानीय ठेकेदार अभिशेक मण्डलले पत्रकार

***बाँकी दुई पृष्ठमा***

# मृत्युको मुखमा पुगेका एक बृद्धले पाए नयाँ जीवन

**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

मुख क्यान्सर रोगले पीडित एक बृद्ध सहि उपचार पाउँदा नयाँ जीवन पाएका छन् । राजविजराज ९ मलेठ निवासी ६१ वर्षिय मो.मजिदले क्यान्सर रोगलाई पराजित गर्दै नयाँ जिवन पाएका हुन् । उनलाई क्यान्सर रोगबाट मुक्त गराई नया जीवन दिने चिकित्सक हुन डा.ऋषीकेश ठाकुर र डा. विकास आनन्द ।

६ महिना अघि अचानक मुखको भित्रि भाग दुःख्ने र पछि गएर घाउ भई खाना खान समेत समस्या भएपछी मजिद राजविराज, विराटनगर र धरानमा एक पछि अर्को चिकित्सकलाई देखाउदै औषधी खाईरहे । तर, समस्या घट्नुका साटो झनै बढ्दै गयो । राजविराज ३ स्थित प्रज्ञा प्रिन्टिङ्ग प्रेसमा मजदुरको रुपमा कार्यरत ६१ वर्षिय मजिदको उपचार खर्च र रोग बढ्दै गएपछी उनको परिवार थप तनावमा परे ।



क्यान्सरलाई परास्त गरि नयाँ जीवन पाएका राजविजराज ९ मलेठ निवासी ६१ वर्षिय मो.मजिद । ***तस्बिर : राजविराज दैनिक***

विपन्न परिवारका मजिदलाई विभिन्न अस्पतालमा उपचार गराउँदा ९ लाख रुपैया ऋण पनि लाग्यो । तर, न त रोग निको भयो, न त रोग नै पत्ता लाग्यो । यसैबीच केही जानकार आफन्तले मजिदलाई स्वास्थ्य परिक्षणका लागी काठमाडौं लैजान सल्लाह दिए । उपचारका क्रममा ९ लाख ऋणको भारीमा डुबेका मजिद

***बाँकी तीन पृष्ठमा***

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

## सम्पादकीय

### आफ्नै घरमा आत्मनिर्भर बनाउनेतर्फ ध्यान पुगोस्

मुलुकमा बढ्दो बेरोजगारीका कारण युवाहरु बिदेश पलायन हुँदा यहाँ काम गर्ने मजदुरको अभाव देखिएको छ । अहिले खेती गर्ने समयमा अधिंकाश घरका युवाहरु रोजगारीका लागि विदेश पलायन भएपछि आफ्नै खेतमा काम गर्नेको अभाव देखिन्छ । खेती गर्न कोही नभएपछि किसानहरुले छिमेकी मुलुक भारतबाट चर्को मुल्य तिरेर मजदुर ल्याई खेती गर्न बाध्य छन् ।

एक त वर्षाका अभाव र सिंचाईको व्यवस्था समेत नभएको खण्डमा मजदुरको अभावले धान रोपाइमा बाधा भएको छ । जसकारण कतिपय किसानहरुले मजदुरको अभावमा आफूलाई पुग्ने गरी खेती मात्र गर्ने गरेका छन् । बाहिरबाट मजदुर ल्याएर रोपाई गर्दा अधिकांश किसानहरु पीडाबोध महसुस गरिरहेका छन् । नेपाल कृषि प्रधान देश हो, तर अहिले खेतिपातिको बेला यहाँका युवाहरु बिदेश पलायन भएर गरीब निमुखाहरुको जिवनमा आर्थिक सुधार आएपनि खेतीका लागि मजदुरको चरम अभाव देखिदा समेत स्थानिय सरकार ती समस्याप्रति गम्भिर भएको देखिन्न् ।

तसर्थ मजदुरहरुको अभाव हुन नदिन राज्यले आफ्नै मुलुकमा रोजगारीको अवस्था श्रृजना गरेर युवाहरुलाई विदेश जानबाट रोक्न कुनै ठोस कदम चाल्नु आवश्यक रहेको छ भने आफ्नै घरमा काम गरेर आत्मनिर्भर हुने कुराको अनुभुतीका लागि सरकारले वातावरण बनाउन अग्रसरता देखाउन उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मनसुन सुखद रहँदा धान रोपाइँमा वृद्धि, शतप्रतिशत रोपाइँ हुने कृषि मन्त्रालयको अपेक्षा

**प्रगति ढकाल**
काठमाडौं, १६ साउन (रासस) ।

सुखद मनसुन रहँदा अघिल्लो वर्षको तुलनामा यस वर्ष धान रोपाइँ विस्तार भएको छ । कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार हालसम्म मुलुकभर ९२ दशमलव ४ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

जबकी गत वर्ष यही अवधिसम्म जम्मा ७८ दशमलव १ प्रतिशत रोपाइँसम्म भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । मन्त्रालयका अनुसार यस वर्ष १२ लाख ९२ हजार दुई सय २१ दशमलव ६ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । मुलुकभर धान रोपाइँ हुने क्षेत्रफल १३ लाख ९८ हजार दुई सय ७३ रहेको छ ।

यस वर्ष कोशी प्रदेशमा ९० दशमलव ७ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । कोशीमा दुई लाख ५० हजार ६ सय २४ दशमलव ७७ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । कोशी प्रदेशमा दुई लाख ७६ हजार ३ सय ८६ दशमलव ७३ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने मन्त्रालयको तथ्याङ्क रहेको छ । यस प्रदेशमा गत वर्ष ८३ दशमलव ३ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको थियो ।

मधेस प्रदेशमा गत वर्ष ५८ दशमलव ८ प्रतिशत मात्रै रोपाइँ भएकामा यस वर्ष हालसम्म ९२ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । बागमती प्रदेशमा पनि रोपाइँको अवस्था बढेको तथ्याङ्कले देखाएको छ । यस प्रदेशमा अघिल्लो वर्ष ८० दशमलव १ प्रतिशत रोपाइँ भएकामा यस वर्ष बढेर ९० दशमलव ८ प्रतिशत पुगेको छ । गण्डकी प्रदेशमा गत वर्ष ८२ दशमलव ३ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ९१ दशमलव ९ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । लुम्बिनी प्रदेशमा गत वर्ष ८० दशमलव ९ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ९१ दशमलव ३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

यसैगरी कर्णाली प्रदेशमा गत वर्ष ८५ प्रतिशत मात्रै रोपाइँ भएकामा यस वर्ष ९६ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सुदूरपश्चिममा गत वर्ष यही अवधिमा ९९ दशमलव २ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ९९ दशमलव ३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

असार मसान्तसम्मको तथ्याङ्क हेर्दा ६८ दशमलव ६ प्रतिशतमा रोपाइँ भएको थियो । यो भनेको जम्मा नौ लाख ५९ हजार ७४६ दशमलव ०२ हेक्टरमा रोपाइँ सम्पन्न भएको थियो । तर रोपाइँको अवस्था बढेर मंगलबारसम्म १२ लाख ९२ हजार दुई सय २१ दशमलव ६ हेक्टर क्षेत्रफलमा रोपाइ सम्पन्न भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले मनसुन यता अहिलेसम्म औसतभन्दा बढी पानी परेको जानकारी दिनुभयो । "आजिसम्म ५८ दशमलव ६ प्रतिशत अर्थात् देशभर औसतमा आठ सय ६७ मिलिमिटर पानी परेको छ", उहाँले भन्नुभयो, "कतिपय स्थानमा कम पानी र कतै बढी पानी परेको छ । उदाहरणका लागि विराटनगरमा झन्डै शतप्रतिशत पानी परेको छ भने दिपायल र डोटीमा ९० प्रतिशत वर्षा भएको छ । यसैगरी सिमरामा भने जम्मा ३३ प्रतिशत वर्षा भएको छ ।"

कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकैभरमा सम्पन्न हुने गरेका छन् । सबै क्षेत्रमा सिँचाइको पहुँच पुग्न नसक्दा ५० प्रतिशतभन्दा बढी रोपाइँ आकाशबाट पर्ने पानीकै भरमा सम्पन्न हुने गरेको छ । जसले गर्दा अधिकांश किसानले आकाशबाट कहिले पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था रहेको छ । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले यस वर्ष राम्रो वर्षा हुँदा गत वर्षको तुलनामा धान रोपाइँ राम्रो भएको जानकारी दिनुभयो । "गत वर्षको तुलनामा यस वर्ष राम्रो वर्षा भएकाले रोपाइँ विस्तार भएको छ, यस वर्ष शतप्रतिशत नै रोपाइँ हुने अपेक्षा छ", उहाँले भन्नुभयो, "समयमा नै रोपाइँ हुँदा यस वर्ष धान उत्पादनमा पनि वृद्धि हुनेछ ।"

अधिकांश स्थानमा रोपाइँ गर्न आकाशे पानीकै भरपर्नुपर्ने अवस्था रहेको र वर्षा राम्रो भए रोपाइँ पनि समयमा नै सकिने जोशीले जानकारी दिनुभयो । "अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ समय नै हुने गर्छ, नत्र आकाशे पानीकै भर पर्नुपर्छ", उहाँले भन्नुभयो ।

सूचना अधिकारी जोशीका अनुसार तथ्याङ्कअनुसार सबैभन्दा बढी रोपाइँ सुदुरपश्चिममा भएको छ भने कम रोपाइँ मधेस प्रदेशमा भएको देखिन्छ । पूर्वक्षेत्रमा ढिलोगरी धान राप्ने भएकाले पनि रोपाइँ कम भएको देखिन्छ । सबै प्रदेशमा नै अघिल्लो वर्षको तुलनामा यो वर्ष बढी रोपाइँ भएको छ । सुदुरपश्चिममा सबैभन्दा चाँडो रोपाइँ सुरु गर्ने भएर पनि अन्य प्रदेशको तुलनामा सुदुरपश्चिममा बढी रोपाइँ भएको जोशीको भनाइ छ ।

"मुलुकको सबै क्षेत्रमा सिँचाइ सुविधा नै पुग्न सकिरहेको छैन तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवर्द्धन गरिने योजना छ", जोशीले भन्नुभयो, "कहिले खडेरीले धानको बीउ सुक्ने, कहिले पानी नपर्दा धानले सिँचाइ नपाउनेजस्ता समस्याका कारण धान उत्पादन वृद्धिमा समस्या आउने गर्छ ।"

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा मथुरा यादवले राम्रो वर्षा हुँदा र समयमा नै धान रोपाइँ सम्पन्न भएमा धानको उत्पादनमा पनि वृद्धि हुने बताउनुभयो । "धान उत्पादन बढाउन समयमा नै रोपाइँ सम्पन्न गर्नुपर्छ, रोपाइँ सम्पन्न भएपछि पनि समयसमयमा धानले सिँचाइ पाउनुपर्छ", उहाँ भन्नुहुन्छ, "तर नेपालको अधिकांश स्थानमा आकाशकै पानीको भरमा सिञ्चित गर्नुपर्ने अवस्था छ, आवश्यक परेका बेलामा वर्षा भएन भने त धानको उत्पादन पनि त बढ्दैन ।"

डा यादवले धानको आयात प्रतिस्थापन गरेर कृषिबाटै मुलुकको समृद्धि हासिल गर्न सम्भव रहेकोसमेत बताउनुभयो । "हामी धान चामाल आयात गरिरहेका छौं, तर अब कसरी आयात प्रतिस्थापन गर्ने भन्नेतर्फ ध्यान जान जरुरी छ", उहाँले भन्नुभयो, "यसका लागि सिँचाइ सुविधामा वृद्धि हुनपर्छ, किसानलाई प्रशिक्षण, गुणस्तरीय बीउ उत्पादन तथा किसानले समयमा नै मल पाउनुपर्छ ।"

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा ८८ करोड ६५ लाख मूल्य बराबरको धानको बीउ आयात भएको छ । यसैगरी करिब ११ अर्ब ५५ करोड मूल्य बराबरको धान आयात भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यस अवधिमा ८ अर्ब ६९ करोड मूल्य बराबरको चामल आयात भएको छ । करिब ९ लाख २० हजार मुल्य बराबरको कनिका आयात भएको छ ।

जलस्रोत तथा सिँचाइ विभागको तथ्याङ्कअनुसार करिब २५ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये हालसम्म करिब १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइको संरचना निर्माण गरिएको छ । तर करिब एक तिहाइ भूमिमा मात्र वर्षेभरि सिँचाइ सुविधा उपलब्ध हुन सकेको विभाद्वारा चैत २०८० मा प्रकाशित जलस्रोत तथा सिँचाइ वार्षिक पुस्तिकामा उल्लेख छ ।

"हाल ठूला बहुउद्देश्यीय अन्तर-जलाधार जल-पथान्तरणका केही आयोजना निर्माणको क्रममा रहेका छन् भने केही निर्माणको तयारीका क्रममा रहेका छन् । करिब ५० प्रतिशत सिञ्चित कृषिक्षेत्र किसानद्वारा व्यवस्थित सिँचाइ प्रणालीमा रहेका छन्", पुस्तकमा उल्लेख छ, "निर्माण सम्पन्न भइसकेका साना आयोजना जलउपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम सम्बन्धित जनउपभोक्तालाई हस्तान्तरण गरिसकिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका छन् । मझौला तथा ठूला सिँचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाहरूको संयुक्त संयुक्त व्यवस्थापनको अवधारणाअनुरूप सञ्चालनमा रहेका छन् ।"

**धान उत्पादनको अवस्था**

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार गत आवमा धानको कूल उत्पादन गत आवभन्दा चार दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको थियो । जुन विगत चार वर्षको औसत उत्पादनको तुलनामा पाँच दशमलव ०८ प्रतिशतले बढी हो ।

कूल धानबाली भित्र्याइएको क्षेत्रफल आव २०७९/८० को तुलनामा शून्य दशमलव ६१ अर्थात् आठ हजार आठ सय हेक्टरले कमी भई १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल अघिल्लो चार आव को औसत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो । धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा चार दशमलव ९७ प्रतिशतले वृद्धि भई तीन दशमलव ९८ मेट्रिकटन प्रतिहेक्टर पुगेको छ जुन गत चार वर्षको औसत उत्पादकत्वभन्दा छ दशमलव ९२ प्रतिशतले बढी हो ।

गत आवमा धानको उत्पादन कोशी प्रदेशमा उच्च रहेको छ भने कर्णाली प्रदेशमा न्यून रहेको छ । गत आवमा उत्पादकत्वतर्फ कोशी प्रदेश चार दशमलव ४३ मे टनप्रति हेक्टरसहित अग्र स्थानमा रहेको छ भने मधेस प्रदेश तीन दशमलव ४९ मेट्रिक प्रतिहेक्टर सीमित भई न्यून स्थानमा रहन पुग्यो । मुख्य धानको तुलनामा विगतका आवमा जस्तै चैते धानको उत्पादकत्व उच्च कायम रहेको छ ।

गत आवमा धान उत्पादन वृद्धि हुनुमा बीउको उपलब्धता र प्रयोग रोग कीराको प्रकोपमा कमी बाढीपहिरोबाट धान बालीमा पर्न जाने नकारात्मक असरमा कमी मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई लिइएको छ । मधेस प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएका कारणले समग्र मधेस प्रदेशको उत्पादन र उत्पादकत्वमा गत आवको तुलनामा ह्रास आएको छ ।

### धम्की दिने व्यक्तिलाई ...

गुप्तालाई गालीगलौज गर्दै ज्यान मार्ने धम्की दिएको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, "समाचार लेखेको आधारमा पत्रकारलाई ज्यान लिनसम्मको धम्की दिने कार्य निन्दनीय छ । समाचारका विषयमा चित्त नबुझेको अवस्थामा कानुनी उपचारमा जान सकिने बाटो हुँदाहुँदै कानुन हातमा लिएर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरी पत्रकारलाई धम्की दिएर त्रसित पार्ने कार्यको नेपाल प्रेस युनियन घोर भर्त्सना गर्दछ ।"

घटनाको छानबिन गरी पत्रकार गुप्तालाई धम्की दिने मण्डललाई तत्काल कानुनी दायरामा ल्याउन स्थानीय प्रहरी, प्रशासन समक्ष नेपाल प्रेस युनियनले आग्रह गर्दै विज्ञप्तिमा प्रेस स्वतन्त्रता बिरोधी यस्ता कार्य भविष्यमा नदोहरिन भन्नेतर्फ सचेत गराउँदै संचारकर्मीलाई निर्वाध रुपमा समाचार संकलन गर्ने वातावरण सिर्जन ागर्न प्रेस युनियनले सम्बन्धित पक्षको ध्यान आकृष्ट गराएको छ ।

# कारागारको भौतिक संरचना थप गर्न आवश्यक छ : गृहमन्त्री लेखक

काठमाडौँ, १६ साउन (रासस)।

गृहमन्त्री रमेश लेखकले मुलुकभरका कारागारमा कैदीबन्दीको सङ्ख्या क्षमताभन्दा बढी रहेकाले कारागारको नयाँ भवन निर्माण र भौतिक संरचना थप्नु आवश्यक भएको बताउनुभएको छ।

प्रतिनिधिसभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै गृहमन्त्री लेखकले कारागारको भौतिक संरचना थप गर्नुपर्ने, कैदीबन्दीको स्वास्थ्य उपचारदेखि सिदा रकम वृद्धिलगायत समग्र विषय व्यवस्थापनका लागि आर्थिक व्यवस्थापन जरुरी रहेको बताउनुभयो।

"बन्दी र कैदीका रूपमा कारागारमा रहेकाहरूको मानव अधिकारको पूर्ण रूपमा संरक्षण गरिनेछ", मन्त्री लेखकले भन्नुभयो, "त्यहाँको स्थिति सुधार गर्ने तथा सुविधा बढाउने प्रयत्न गरिरहेका छौँ।"

शान्ति सुरक्षा र कारागार व्यवस्थापनसम्बन्धी सांसदहरूले उठाएको विषयमा बोल्दै उहाँले भौतिक संरचना निर्माणलगायत समग्र विषयमा आर्थिक स्रोत जोडिएको बताउनुभयो।

"सीमित स्रोतसाधन र सीमित आर्थिक व्यवस्थामा अली बढी काम गर्नुपरिरहेको छ", मन्त्री लेखकले भन्नुभयो, "कारागार र बाल सुधारगृहको भौतिक अवस्था अपर्याप्त, जीर्ण र दयनीय छ।"

मन्त्री लेखकले बाल सुधारगृहमा बसेका बालबालिकाको आधारभूत मौलिक हक, अधिकार र मानव अधिकार संरक्षण एवं सुरक्षामा प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसैगरी देशमा शान्ति सुरक्षा, अमनचयन स्थापित गर्न तथा सुशासनको प्रत्याभूति एवं सुनिश्चितताका लागि केही कानुन संशोधन परिमार्जन र नयाँ निर्माणमा आफू लागि परेको बताउनुभयो।

"प्रहरी सङ्गठन सुदृढ गर्न प्रहरी ऐन संशोधन गर्नुपर्ने छ", उहाँले भननुभयो, "समसामयिक रूपमा सुदृढ र समयसापेक्ष बनाउन संशोधन आवश्यक छ।" कर्मचारीको सरुवालाई सरुवाकै रूपमा बुझिदिन उहाँले आग्रह गर्नुभयो।

मनसुनजन्य विपद्‌बाट ७७ वटै जिल्ला प्रभावित रहेको जानकारी दिँदै मन्त्री लेखकले प्राकृतिक विपद् न्यूनीकरणका लागि पूर्व सूचना प्रणालीको विकास, घटनापछि उद्धार र राहतका लागि सरकार लागिपरेको बताउनुभयो।

चितवनको सिमलताल बस दुर्घटनाका विषयमा खोजी कार्यमा सक्दो प्रयास जारी रहेको उल्लेख गर्दै मन्त्री लेखकले सो कार्यमा सबै सुरक्षा निकाय खटिएको बताउनुभयो। "सिमलताल घटनामा जति परिणाम प्राप्त गर्नुपर्ने हो त्यो गर्न सकेनौँ", उहाँले भन्नुभयो, "भारतबाट पनि प्राविधिकसहितको टोली आएर खोजी कार्यमा जुट्दा पनि बस र सबै शव फेला पार्न सकिएन्।"

बैठकमा गृहसचिव एकनारायण अर्यालले मुलुकको समग्र शान्ति सुरक्षा, कारागार र बाल सुधारगृहको अवस्था, मनसुनजन्य विपद्का घटनामा भएको जनधनको क्षति लगायतको विषयमा जानकारी गराउनुभएको थियो।

## मृत्युको मुखमा...

परिवार फेरी बैंकमा जग्गा धितो राखी ३ लाख रुपैया ऋण उठाई गत असार ३ गते काठमाडौं पुगे।

काठमाडौंस्थित नेशनल एकेडेमी अफ मेडिकल साइन्स विर अस्पतालका बरिष्ठ नाक, कान, घाटी क्यान्सर रोग विशेषज्ञ डा. ऋषीकेश ठाकुर नेतृत्वको टिमले भर्ना भएको भोली पल्टै विहान ११ बजे तिर अपरेशन गरे।

"अपरेशन सक्न १३ घण्टा लाग्यो, डा. ठाकुरले भने-शल्यक्रिया आफैमा जटिल थियो। त्यसमाथी ६१ वर्षिय बृद्धलाई १३ घण्टासम्म बेहोश बनाएर राख्नु चुनौतिपुर्ण थियो। तर, टिम वर्क र अनुभवका कारण सफल शल्यक्रिया भयो।"

अहिले मजिदको अवस्थामा निकै सुधार आईसकेको छ। प्लास्टिक सर्जरीबाट उनको अपरेशन गरिएको र केही समय पछी थप उपचार र परिक्षणका लागी आउने गरी डिस्चार्ज गरिएको डा. ठाकुरको कथन छ।

मृखको क्यान्सरको यस्तो प्रकारको शल्यक्रिया यस अस्पतालमा यस अघि पनि गरिएको उनले बताए। मुखको क्यान्सरको उपचार र शल्यक्रियाको क्रममा हड्‌डी, नशा, मासुको अवस्थालाई हेरेर गर्नू पर्ने भएकाले उपचार संवेदनशील र जटिल हुन्छ, उनले भने-ढिलो गरेर उपचारका लागी आएपनि रोग पत्ता लागेपछी १३ घण्टा लामो शल्यक्रिया पश्चात मजिदलाई बचाउन सफल भयौं।"

उनले मजिदको रोगबारे यस अघि चाँच गरेका चिकित्सकहरुले यकिन गर्न नसक्दा रोग बढ्‌दै गई जटिल अवस्थामा पुगेको र यसले मजिद संगै परिवारजन समेतलाई आर्थिक, मानसिक र शारिरीक पीडा भोग्नु परेको बताए।

दोश्रो चरणमा भने अब मजिदको भक्तपुर क्यान्सर अस्पतालमा दु:खाई र उनको जीवनशैलीमा सुधारबारे उपचार हुने भएको परिवारजनले जनाएको छ। २० दिनको लामो उपचार पछी डिस्चार्ज भई बुधवार घर आइपुगेका मजिदले अब मुख भित्रको घाउ निको भएको र थोरै थोरै गरी खाना खान पनि सहज हुदै गएको बताए।

घर फर्किएका श्रीमानलाइ देखाउँदै श्रीमती हकिमा खातुनले भनिन-"श्रीमानको सहि उपचार भयो। निको हुन लागेको देख्दा धेरै खुशी लागेको छ।"

अस्पतालले परिवारको आर्थिक अवस्था कमजोर देखेर शल्यक्रिया, आईसियु, बेड तथा औषधी खर्चमा समेत विषेश छुट गरी २ लाख रुपैयामात्र लिएको उनले बताइन। उनले सो अस्पताल सम्म पुग्न र उपचार खर्चमा सहुलियत गराउन भक्तपुर क्यान्सर अस्पतालका क्यान्सर दु:खाई रोग विषेज्ञ डा.विकास आनन्दले निकै सहयोग गरेको बताए। उपचारको दोश्रो चरणमा अबको एक साता पछी डा.विकास आनन्द कै निगरानीमा क्यान्सर रोगले पुऱ्याएको क्षती न्युनिकरण र दुखाई सम्बन्धि उपचार सुरु हुने मजिदले बताए।

डा.विकास आनन्दले शल्यक्रिया पश्चात मजिद खतरामुक्त अवस्थामा पुगेको बताए। "मजिदको मुखको भित्री भागमा क्यान्सर रोगले पुऱ्याएको क्षती न्युनिकरण तथा दु:खाई समस्याको पुर्ण समाधानका लागी अब थप उपचार सूरु गर्छौं, डा.विकास आनन्दले भने-यसमा रेडियोथेरापी, सेकाई लगायतका उपचार पद्धती प्रयोग गरिने छ।

उनले उक्त उपचार पद्धतीबाट मजिदलाई मुखको क्यान्सर रोग फेरी बल्झिन न दिन तथा उनको खानपीन र जीवन शैलीमा सम्पुर्ण सुधार ल्याउन ठुलो मदत पुऱ्याउने विश्वास समेत व्यक्त गरे।






## विश्व समाचार

### नयाँ प्रतिद्वन्द्वी ह्यारिसविरुद्ध चुनावी रणनीति तयार पार्दै ट्रम्प

वासिङ्टन, १६ साउन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपतीय निर्वाचनमा १०० दिनभन्दा कम समय बाँकी रहँदा उम्मेदवार डोनाल्ड ट्रम्प आफ्नो नयाँ प्रतिद्वन्द्वी कमला ह्यारिसलाई मध्यनजर गर्दै चुनावी रणनीति बदल्न बाध्य हुनुभएको छ।

जुलाई २१ मा अमेरिकी राष्ट्रपति जो बाइडेनले उपराष्ट्रपति ह्यारिसलाई डेमोक्र्याटिक उम्मेदवारको रूपमा समर्थन गर्दै आफ्नो उम्मेदवारी फिर्ता लिएपछि रिपब्लिकनको रणनीति उथलपुथल भएको हो।

ट्रम्पले ८१ वर्षीय बाइडेनको स्वास्थ्यलाई आफ्नो राजनीतिक रणनीति बनाउदै उहाँलाई कमजोर वृद्धको रूपमा चित्रण गर्नुभएको थियो। अब उहाँले आफुभन्दा लगभग दुई दशक कान्छी पहिलो अश्वेत, महिला र दक्षिण-एसियाली मुलको नितान्त फरक उम्मेदवारको सामना गर्नुहुनेछ।

उम्मेद्वारको परिवर्तनले ट्रम्प र रिपब्लिकनहरूलाई आफ्नो रणनीति द्रूत रूपमा परिवर्तन गर्न बाध्य पारेको छ।

अहिलेसम्म उहाँले आफ्नो नयाँ प्रतिद्वन्द्वीलाई 'लाइङ कमला', 'लाफिङ कमला' र 'क्रेजी कमला' का रूपमा वर्णन गर्नुभएको छ।

गत हप्ता उत्तरी क्यारोलिनामा आयोजित समारोहमा गर्भपतनको विषयमा ह्यारिसको गलत व्याख्या गर्दै ट्रम्पले अमेरिकी उपराष्ट्रपतिलाई 'बच्चाको मृत्युदण्ड' को पक्षमा रहेको झूटो आरोप लगाउनुभएको थियो।

चुनावी अभियानअन्तर्गत ट्रम्प बुधबार अश्वेत समुदायले सामना गर्ने समस्याको विषयमा अफ्रिकी-अमेरिकी पत्रकारहरूसँग छलफल गर्न शिकागो जानुहुनेछ। त्यसको भोलिपल्ट उहाँले पेन्सिलभेनियामा एउटा अभियान ऱ्याली आयोजना गर्नुहुनेछ। चुनावी कार्यक्रमको नै शिलशिलामा ट्रम्प शनिबार एटलान्टा र जर्जिया पुग्नुहुनेछ।

अमेरिकी सञ्चारमाध्यमले राष्ट्रपतीय दौडमा ह्यारिसको प्रवेश रिपब्लिकनका लागि 'कडा चुनौती' भएको वर्णन गरेका छन्।

हालैका दिनमा चुनावी अभियानका लागि विस्कन्सिन, जर्जिया र इन्डियाना पुग्नुभएको ह्यारिसले बुधबार साँझ टेक्सासको ह्युस्टनमा अफ्रिकी-अमेरिकी विद्यार्थीहरूको भेलालाई सम्बोधन गर्नहुनेछ।

### भारतमा पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १४३ पुग्यो, उद्धार कार्य जारी

केरला (भारत), १६ साउन (रासस/एएनआई)।

भारतको वायनाडमा गएको पहिरोमा परि ज्यान गुमाउनेको सङ्ख्या १४३ पुगेको छ। पहिरो प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्य जारी रहेको केरलाको स्वास्थ्य विभागले जनाएको छ।

विनासकारी पहिरोले आवास तथा सडकहरू क्षतिग्रस्त हुनुका साथै जलप्रवाह बढेकाले उद्धार कार्यमा बाधा पुऱ्याएको जनाइएको छ।

यसैबीच, मङ्गलबार केरला विधान सभामा राष्ट्रिय झण्डा आधा झुकाएको छ भने दुई दिने शोकको घोषणा गरेको छ।

मङ्गलबार सङ्घीय मन्त्री जर्ज कुरियनले जारी राहत कार्यको समीक्षा गर्न वायनाड पुगी एनडीआरएफ, सीआरपीएफ र सेनाका वरिष्ठ अधिकारीहरूसँग भेट गरेको र राहत शिविरकोसमेत अवलोकन गरेको सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराउनुभएको छ।

मन्त्री जर्जले यसअघि, वायनाड पहिरोको जारी अवस्थाको मूल्याङ्कन गर्न स्वास्थ्य विभाग निर्देशनालयको भ्रमण गरी प्रभावित क्षेत्रमा उपचारको व्यबस्था मिलाउन निर्देशन दिनु भयो। मन्त्री जर्जले आवश्यकताअनुसार अस्थायी अस्पताल स्थापना गर्न सिफारिससमेत गर्नु भयो।

यसैबीच, भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले जुलाई ३१ र अगष्ट १ मा केरलामा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

मुख्यमन्त्री पिनाराई विजयनले वायनाडको पहिरो प्रभावित चुरालमालामा उद्धार कार्य द्रूत बनाउन उच्चस्तरीय बैठक आयोजनमा गर्नु भएको थियो। यसमा विभिन्न केन्द्रीय सङ्घसंस्था र सेनासँगको सहकार्यमार्फत राहत अभियान अघि बढाउने विषयमा छलफल भएको थियो।

### खान युनूसमा आठ दिने इजरायली आक्रमणले ५८१ प्यालेस्टिनीको हताहत

गाजा, १६ साउन (रासस/क्यूएनए)।

गाजा दक्षिणमाअस्थित खान युनूसमा एक हप्ता लामो इजरायली आक्रमणमा परी ५८१ भन्दा बढी प्यालेस्टिनी हताहत भएका छन्।

गाजाको सरकारी सञ्चार कार्यालयले बुधबार जारी गरेको एक विज्ञप्ति अनुसार खान युनूस क्षेत्रबाट फिर्ता हुनुअघि इजरायली पक्षले २५० भन्दा बढी प्यालेस्टिनीको हत्या गरेको, ३०० जना घाइते भएका र ३१ जना बेपत्ता भएका छन्।

इजरायली सेनाले ३१ घरहरू ध्वस्त पारेको छ भने दर्जनौं घर तथा आवासीय संरचनासहित महत्वपूर्ण पूर्वाधारहरू ध्वस्त पारेको छ। इजरायली पक्षले उद्धार र राहत कर्मीलाई बाटोमा रोकेको, उनीहरूका कारण सयौं सर्वसाधारण घाइते भएका र दशौं हजार विस्थापित भएका छन्। सेनाले मानवता विरुद्धको अपराधको रूपमा खान युनूसमा नागरिक र विस्थापित मानिसहरूको क्रूरतापूर्वक नरसंहार गरेको छ।

इजरायली सेनाले जानाजानी आवासीय संरचना, छिमेक र घना जनसङ्ख्याको आवास क्षेत्रमा कारबाही गरी गाजाका धेरै क्षेत्रमा ठूलो सङ्ख्यामा नरसंहार निम्त्याएको प्यालेष्टिनी मानवअधिकारवादी समूहले उल्लेख गरेका छन्।

# देशभर २० जनामा हैजा पुष्टि

काठमाडौँ, १६ साउन (रासस)।

यस वर्षको हालसम्म देशभर २० जना बिरामीमा हैजा पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौँ, ललितपुर र कैलालीमा गरी २० जनामा हैजा पुष्टि भएको जानकारी दिनुभयो। उहाँले सहरी क्षेत्रमा बढ्दो जनघनत्वसँगै सुरक्षित खानेपानी र पर्यावरणीय स्वच्छतामा कमी तथा बाढीपहिरोका घटनाले पानी तथा सरसफाइका पूर्वाधारमा पार्ने नकारात्मक असरका कारण नेपालमा हैजाको सङ्क्रमण देखिने गरेको बताउनुभयो।

अति सङ्क्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले हैजाको मुख्य लक्षण चौलानी पानी जस्तो दिशा आउने, वाकवाकी लाग्ने, वान्ता हुने र कडा जलवियोजन हुने गर्दछ।

सङ्क्रमणले गम्भीर अवस्थामा पुऱ्याउँदा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसावको रङ्ग पहेँलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनसक्ने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले बताउनुभयो। "हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुऱ्याए ५० प्रतिशतको मृत्यु हुने सम्भावना हुन्छ। हैजा सङ्क्रमितमध्ये ८० प्रतिशतमा कुनै लक्षण विकसित हुँदैन तर उनीहरूको दिशामा पहिलादेखि १० दिनसम्म भिब्रियो कोलेरा ब्याक्टेरिया रहन सक्छ र लक्षण देखिएकामा पनि ८० प्रतिशतलाई मन्ददेखि मध्यमस्तरको लक्षण देखिन्छ। २० प्रतिशतलाई चौलानी जस्तै दिसा हुने र पानीको अभावजस्ता तीव्र लक्षण देखिन्छन्", उहाँले भन्नुभयो।

झिँगा लागेको, बासी, सडेगलेको, नपाकेको, चिसिएको खुलास्थानका खाद्यपदार्थ नखान, पानीलाई उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र प्रयोग गर्न र गराउन, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुका साथै दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिची हात हुन मन्त्रालयले सबैमा अनुरोध गरेको छ।

# आठ वर्षमा त्रिशूलीमा ५५ जना बेपत्ता

चितवन, १६ साउन (रासस)।

नारायणगढ-मुग्लिन सडक र पृथ्वी राजमार्गको मुग्लिन-मौवाखोला सडकखण्डमा बितेका आठ वर्षमा २१ वटा सवारीसाधन त्रिशूली नदीमा खसेर ५५ जना बेपत्ता भएका छन्। पूर्वगृहमन्त्री एवं परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेलगायत ५५ जना बेपत्ता भएका हुन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार आव २०७३/७४ मा पाँचवटा, २०७४/७५ मा चारवटा, २०७५/७६ मा चारवटा सवारीसाधन बेपत्ता भएका हुन्। आव २०७६/७७ मा एउटा, २०७७/७८ मा एउटा, २०७९/८० मा एउटा र २०८०/८१ मा पाँचवटा सवारीसाधन बेपत्ता भएका हुन्। बेपत्ता भएका सवारीसाधनमध्येबाट आव २०७३/७४ मा १४, २०७८/७९ मा चार र २०८०/८१ मा ३७ जना बेपत्ता भएका हुन्।

उक्त अवधिमा सो सडकखण्डमा ६६ वटा सवारी साधन दुर्घटना भएका थिए। आव २०७३/७४ देखि आव २०८०/८१ सम्ममा ४० ट्रक, नौ बस, १२ कार, तीन मोटरसाइकल र दुईवटा अन्य सवारीसाधन दुर्घटनामा परेका हुन्।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस्।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२

राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


## राजनैतिक दवाबमा ...

कार्यक्रम सार्वजनिक गरिने महासंघ बाध्य हुने विज्ञप्तिमार्फत चेतावनी दिइएको छ।

समाचार लेखेको निहुँमा नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष एवं राजविराज दैनिकका पत्रकार नवीनकुमार गुप्तामाथि अभद्र व्यवहार गर्दै ज्यानमार्ने धम्की दिने महदेवा गाउँपालिकाका अभिषेक मण्डलमाथि कानुन बमोजिम कारबाहीको लागि महासंघले मंगलबार जिल्ला प्रहरीमा निवेदन दिएको थियो।

महासंघका सभापति श्रवणकुमार देव र सचिव रामनारायण विश्वाससहितको टोलीले जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धी बज्राचार्यलाई बुझाएको निवेदन उपर बुधबार साँझसम्म कुनै कारबाही प्रक्रिया अगाडि बढ्न सकेको छैन्।

श्रोतका अनुसार सप्तरी प्रहरी राजनीतिक दवाबमा परेको छ। बुधबार दिनभरी प्रहरीलाई विभिन्न राजनीतिक दलको दवाब आएको तथा पक्राउ गर्नुको साटो मिलापत्रमा बढी जोड दिएको देखिन्छ। धम्की दिने व्यक्ति महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डलको नातामा पर्ने सालो समेत रहेकाले प्रहरीले उनलाई पक्राउ गर्न सक्रियता र गम्भिरता नदेखाएको श्रोतको दाबी छ।

# राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई तीव्रता दिन गृहमन्त्रीको निर्देशन



काठमाडौँ, १६ साउन (रासस)।

गृहमन्त्री रमेश लेखकले राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई तीव्रता दिन निर्देशन दिनुभएको छ। बुधबार सिंहदरबारस्थित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निरीक्षण गर्नुहुँदै उहाँले राष्ट्रिय परिचयपत्र वितरण कार्य सुस्त भएको बताउनुभयो।

"राष्ट्रिय परिचयपत्र बनाउन एक करोड ५१ लाखको विवरण सङ्कलन भइसकेको छ। कार्ड छपाइ ४३ लाख भइसकेको छ। ७६ लाख कार्ड छाप्न बाँकी छ", उहाँले भन्नुभयो, "वितरणको सङ्ख्या एकदम कम भयो। आठ लाख ४७ हजार मात्र हामीले वितरण गरौँ। वितरणको पाटोलाई तीव्रता दिनुहोला।"

गृहमन्त्री लेखकले राष्ट्रिय परिचयपत्र सरकारको सुशासनसँग सम्बन्धित रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "नागरिकलाई राज्यले प्रदान गर्ने सुविधाको मुख्य माध्यम राष्ट्रिय परिचयपत्र हुने भएकाले यो सुशासनको महत्वपूर्ण पाटो हो। यो राज्यको भविष्यसँग जोडिएको छ। यसमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रशंसनीय काम गरेको छ।"

ज्येष्ठ नागरिकलाई घरघर गएर परिचयपत्र उपलब्ध गराउनेगरी अगाडि बढ्न गृहमन्त्री लेखकले निर्देशन थियो। "सामाजिक सुरक्षाभत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य बनाउने कुरा व्यावहारिक थिएन। सामाजिक सुरक्षा भत्ताका लागि त्यो अनिवार्य नगर्ने निर्णय उचित हो। तर, ज्येष्ठ नागरिकबाहेकका हकमा अनिवार्य गरौँ। ज्येष्ठ नागरिकलाई घरघर गएर राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने नीति बनाऔँ", उहाँले भन्नुभयो।

राष्ट्रिय परिचयपत्र बनाउने विषयलाई तीव्रता दिन पालिकाले वित्तीय समानीकरण अनुदानसँग जोड्न सकिने गृहमन्त्री लेखकको भनाइ थियो। "अनुदानसँग जोड्दा राष्ट्रिय परिचयपत्र लिने मान्छेभन्दा पनि दिने मान्छेले पहल लिन्छ। वडाध्यक्ष नै राष्ट्रिय परिचयपत्र लिदिनुपऱ्यो भनेर घरघर जान थाल्नुहुन्छ। त्यसपछि राष्ट्रिय परिचयपत्र वितरण अभियान सफल हुन्छ", उहाँले भन्नुभयो।


जनहितमा जारी सन्देश

## दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : बलानबिहुल गाउँपालिका, सप्तरी



# जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८४२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np